apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

● वर्षः १२ ● अंकः १०७ ● पृष्ठः ४ ● २२ वैशाख २०८३ मंगलबार (05 May 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार पृष्ठ ४

**राष्ट्रिय खेलाडी विवेक यादव मधेशबाट खेल्ने**

## सार्वजनिक सम्पत्ति संरक्षणबारे सिरहामा बैठक अह्वान




अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

जिल्ला प्रशासन कार्यालय सिरहाले सुरक्षा व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको संरक्षणलाई प्रभावकारी बनाउन सरोकारवालासँग छलफल गर्न लागेको छ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचना अनुसार वैशाख २४ मा बिहान ९ बजे बैठक बस्ने भएको छ। जिल्ला प्रशासन कार्यालयको सभाहलमा बस्ने बैठकमा नगर प्रमुख/गाउँपालिका अध्यक्ष, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, प्रमुख प्रशासकीय अधिकृत, मालपोत तथा नापी कार्यालय लगायतका सम्बन्धित निकायलाई अनिवार्य उपस्थित हुने उल्लेख गरिएको छ।

सूचनामा सार्वजनिक तथा सरकारी सम्पत्तिको संरक्षण, अवैध अतिक्रमण हटाउने कार्य, तथा सुरक्षा व्यवस्थापनलाई सुदृढ बनाउने विषयमा विस्तृत रुपमा छलफल हुने पत्रमा उल्लेख गरिएको छ। जिल्लास्थित विभिन्न निकायबीच समन्वय गर्दै अतिक्रमण नियन्त्रण र कानुनी कार्यान्वयनलाई कडाइका साथ अघि बढाउन तयारी रहेको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सिरहा जिल्लामा धेरै स्थानमा सार्वजनिक जग्गा अतिक्रमण भएकोले त्यसलाई खाली गराउनु पर्ने आवश्यकता भएको बताएका छन्। केन्द्र सरकारको निर्देशनलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय सिरहाले पनि सक्रियता बढाउन लागेको सहायक प्रजिअ बरालले बताएका छन्।

## जनमत पार्टीद्वारा मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता

अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारमा सहभागी दुवै मन्त्रीलाई राजीनामा गर्न निर्देशन दिएको छ।

जनमत पार्टीका केन्द्रीय प्रवक्ता चन्दन सिंहले जनमत पार्टीले मधेश प्रदेश सरकारमा कांग्रेसका मुख्यमन्त्री

बाँकी पृष्ठ ४

## अरु दल त्यागेको ९० दिन पुगेपछि मात्रै रास्वपाको 'उम्मेदवार क्लब'का लागि दर्ता हुन पाउने




अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा अन्य दलबाट प्रवेश गरी ९० दिन पुगेका व्यक्ति मात्रै उम्मेदवार क्लबका लागि योग्य हुने गरी विधि बनाइएको छ।

केन्द्रीय सचिवालयबाट आइतबार पारित 'स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट रुपरेखामा' अरु दल परित्याग गर्नेहरुको हकमा तीन महिना अवधि पुगेपछि मात्रै उम्मेदवार क्लबमा दर्ता हुनसक्ने उल्लेख छ। अन्य दलबाट परित्याग गरेपछि कुलिङ पिरियड तीन महिना तोकिएको छ। कुनै व्यक्तिले पहिलोपटक दलको सदस्य लिएका व्यक्तिको हकमा भने ४५ दिनको अवधि तोकिएको छ।

रास्वपाबाट स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन इच्छुक व्यक्तिले उम्मेदवार क्लबमा दर्ता भई छनोट प्रक्रियामा भाग लिन सदस्यता लिएको ४५ दिन पुग्नुपर्नेछ। विगतमा कुनै दलमा आबद्धता नभएकाहरुका लागि सदस्यता लिएको ४५ दिनपछि उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुने पाउने छन्।

बाँकी पृष्ठ ४

## मधेशमा लागुऔषधको जालो फैलिँदो

### नियन्त्रणका लागि प्रहरीले चलायो अभियान



अपन दैनिक संवाददाता
जनकपुरधाम, वैशाख २१ गते

मधेश प्रदेशमा केही वर्ष यता लागुऔषध दुर्व्यसन गम्भीर सामाजिक समस्याको रूपमा देखा पर्दै गएको छ। विशेषगरी भारतसँगको खुला सीमाका कारण लागुऔषध भित्रिने क्रम बढेको र त्यसको असर युवापुस्तामा परिरहेको देखिन्छ।

गाउँदेखि सहरसम्मका युवा दुर्व्यसनमा फस्दै जाँदा परिवार, समाज चिन्तित बनेका छन्। यही अवस्थालाई ध्यानमा राख्दै मधेश प्रदेश प्रहरीले लागुऔषध नियन्त्रणमात्र नभई सेवनकर्ताको सुधार र पुनर्स्थापनालाई केन्द्रमा राखेर 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' सुरु गरेको छ।

मधेश प्रदेश प्रहरीका सूचना अधिकारी कमल थापाका अनुसार यो अभियानको मुख्य उद्देश्य लागुऔषध सेवनकर्तालाई पक्राउ गरेर कारबाही गर्नु मात्र होइन, उनीहरूको पहिचान गरी सुधार केन्द्रसम्म पुर्‍याउनु र समाजमा पुनर्स्थापित गर्नु पनि हो।

लागुऔषध समस्या केवल कानुनी मुद्दा मात्र नभई सामाजिक र मानसिक समस्याको रूपमा फैलिँदै गएको थापाले बताए।

प्रदेश प्रहरी प्रमुख डीआइजी गोविन्द थपलियाले अभियानलाई प्रभावकारी बनाउन आठ वटै जिल्लाका प्रहरी प्रमुखलाई स्पष्ट निर्देशन दिएका छन्। उनका अनुसार लागुऔषध नियन्त्रणका लागि अब परम्परागत तरिकाले मात्र सम्भव छैन। त्यसैले पहिचान, निगरानी, नियन्त्रण र सुधारलाई सँगै अगाडि बढाइने उनको भनाइ छ।

डीआईजी थपलियाले भने, 'लागुऔषध नियन्त्रण केवल पक्राउ गर्ने विषयमात्र होइन, सेवनकर्तालाई सुधार गरेर समाजमा फर्काउनु पनि हाम्रो मुख्य लक्ष्य हो।'

बाँकी पृष्ठ ४

## मधेश प्रदेशमा सरकार परिवर्तन हुने कुनै सम्भावना छैनः मुख्यमन्त्री यादव



अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश प्रदेशमा सरकार परिवर्तन हुने कुनै सम्भावना नरहेको दाबी गरेका छन्।

सोमबार जनकपुरमा आयोजित एक कार्यक्रमपछि सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले यस्तो दाबी गरेका हुन्।

बजेट ल्याउने बेलामा मधेश प्रदेशमा कुनै पनि सांसदहरूले सरकार परिवर्तन गर्नेकुरा सोच्न पनि नसक्ने मुख्यमन्त्री यादवको जिकिर थियो।

उनले बजेट ल्याउने बेलामा सरकार परिवर्तन गरिए त्यो मधेश प्रदेशका लागि दुर्भाग्य हुने चेतावनी समेत दिए।

मुख्यमन्त्री यादवले भने, 'मलाई विश्वास छ-यो सरकार अगाडि बढ्दैछ। र अहिलेको परिवेशमा यो बजेट सञ्चालनको पिक आवर हो। बजेट बनाउने पूर्वसन्ध्यामा हामी छौं। यसमा कसैले सरकार परिवर्तन गर्ने मनसाय बनाएको रहेछ भने यो प्रदेशका लागि दुर्भाग्य हुन्छ। र यो मधेशका लागि पनि दुर्भाग्य हुन्छ। सबै दलका नेता सजग छन्। दलका सांसद मित्रहरू सबै सचेत हुनुहुन्छ। सरकार परिवर्तनमा उहाँहरू लाग्नु हुन्न। त्यो पक्का हो।'

मुख्यमन्त्री यादवले सबै दलहरू सरकार परिवर्तन गर्न नहुने अडानमा रहेको पनि दाबी गरे।




## उपचार खर्च नतिर्दा मलेसियामा रोकिएको शव २५ दिनपछि सप्तरी ल्याइयो



अपन दैनिक संवाददाता
सप्तरी, वैशाख २१ गते

उपचार खर्च तिर्न नसकदा मलेसियाको अस्पतालमा रोकिएको सप्तरीका मनजय सदाको शव २५ दिनपछि घर आइपुगेको छ। क्वालालम्पुरस्थित नेपाली राजदूतावासको सहयोगमा

बाँकी पृष्ठ २

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

## कुटनीतिक नोट र नेपालको भूमिका

नेपालको पश्चिमी र उत्तरी सीमावर्ती लिपुलेक क्षेत्र हुँदै भारत र चीनबीच सञ्चालन गरिन लागेको कैलाश मानसरोवर यात्रासम्बन्धी विषयले फेरी व्यापक चर्चा पाउन थालेको छ। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र कूटनीतिक सक्षमतामाथि गम्भीर प्रश्न यस विषयले उठाएको छ । परराष्ट्र मन्त्रालयले यसप्रति आफ्नो स्पष्ट र अडिग अडान सार्वजनिक गर्नु सकारात्मक छ । यो विषयले नेपालले वक्तव्यमा सीमित नरहेर भूईतहमा अर्थात व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयनमा निकै नै महत्वपूर्ण रहेको छ। सुगौली सन्धि -१८१६) को आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र महाकाली नदीपूर्व पर्ने नेपालको अभिन्न भू-भाग भएको तथ्य ऐतिहासिक, भौगोलिक र कानुनी रूपमा स्थापित विषय हो । यस्तो स्पष्ट आधार हुँदाहुँदै पनि छिमेकी राष्ट्रहरूद्वारा नेपाललाई बेवास्ता गर्दै एकतर्फी गतिविधि सञ्चालन गरिनु केवल कूटनीतिक असंवेदनशीलता मात्र होइन, नेपालको सार्वभौमिक अधिकारमाथिको चुनौती पनि हो ।

नेपालले यस विषयमा भारत र चीन दुवैसँग कूटनीतिक माध्यमबाट आफ्नो असहमति र सरोकार व्यक्त गरिसकेको जनाएको छ । त्यसैले कुटनीतिक नोट मात्र पर्याप्त छ ? विगतमा पनि सडक निर्माण, सीमा व्यापार र तीर्थयात्राजस्ता गतिविधिमा नेपालले आपत्ति जनाए पनि व्यवहारमा ती क्रियाकलापहरू रोकिएको देखिँदैन । यसले नेपालको कूटनीतिक प्रयास कमजोर देखिएको संकेत गर्छ। भारतसँग नेपालको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध घनिष्ठ छ। त्यस्तै, चीनसँग पनि पछिल्ला वर्षहरूमा सहकार्य विस्तार हुँदै गएको छ । तर, यस्ता सम्बन्धहरूको आधार आपसी सम्मान र सार्वभौमिकताको मान्यता हुनुपर्छ। कुनै पनि मित्र राष्ट्रले नेपालको भूमि प्रयोग गर्दा नेपाललाई उपेक्षा गर्नु सम्बन्धको मूल भावनाविपरीत हुन्छ ।

नेपालले औपचारिक विरोधमा सीमित नभई तथ्य, प्रमाण र नक्साको आधारमा स्पष्ट कूटनीतिक पहललाई अझ सशक्त बनाउनुपर्छ। द्विपक्षीय वार्तालाई प्राथमिकता दिँदै आवश्यकताका आधारमा बहुपक्षीय मञ्चहरूमा पनि आफ्नो मुद्दा उठाउने साहस देखाउनुपर्छ। साथै, आन्तरिक रूपमा पनि राष्ट्रिय सहमति निर्माण गरी सीमा विषयलाई दलगत राजनीतिभन्दा माथि राख्न आवश्यक छ। लिपुलेक विवाद केवल भूगोलको प्रश्न होइन, यो राष्ट्रिय अस्मिता र स्वाभिमानसँग जोडिएको विषय हो । त्यसैले सरकारको अडान स्पष्ट हुनु मात्र पर्याप्त छैन्। त्यो अडान व्यवहारमा दृढतापूर्वक लागू हुनु जरुरी छ । नेपालको कूटनीतिक परिपक्वता र दृढ इच्छाशक्ति अबको कदमले नै परीक्षण गर्नेछ। यसैले नेपालले अब प्रभावकारी कुटनीतिक पहललाई सार्थकतामा परिणत गर्नुपर्छ। लिपुलेख र लिम्पियाधुराको विषयलाई लिएर नेपालले भारत र चीनसँग वृहत रुपमा छलफल गरी समाधान निकाल्नुपर्छ। विवादभन्दा पनि वृहत छलफलले नै यस विषयको निकास निकाल्न मद्दत मिल्छ। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले यसलाई गम्भीरतापूर्वक लिएर काम गर्नुपर्छ र दुवै छिमेकीलाई साथमा लिएर समाधान निकाल्नुपर्छ।

### उपचार खर्च नतिर्दा मलेसियामा ..............

सोमबार बिहान विष्णुपुर गाउँपालिका-६, रामटोलका ३३ वर्षीय सदाको शव घर ल्याइएको हो।

शव घर आइपुगेपछि रामटोल शोकमा डुबेको छ। परिवारका अनुसार सोमबार नै उनको दाहसंस्कार गरिनेछ।

१० वर्षअघि रोजगारीका लागि मलेसिया पुगेका सदाको तेङ्कु अम्पुआन रहिमा क्लाङ अस्पतालमा उपचारका क्रममा २६ चैतमा मृत्यु भएको थियो। अचानक पेट दुखेपछि साथीले उनलाई अस्पताल पुऱ्याएका थिए। केही दिनको उपचारपछि उनको निधन भयो।

उपचारमा लागेको करिब चार लाख रुपैयाँ तिर्न नसक्दा अस्पतालले शव बुझाउन मानेको थिएन। मनजय काबेली ह्युमन रिसोर्सेज प्रालिमार्फत फ्याक्ट्री कामदारका रूपमा मलेसिया गएका थिए।

अपन दैनिक पत्रिका
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# सार्वजनिक मञ्चमा न्यायाधीश: न्यायपालिका कति स्वतन्त्र छ ?



पछिल्ला दिनमा न्यायपालिकाका उच्च पदाधिकारीहरूको सार्वजनिक उपस्थितिले व्यापक बहस उत्पन्न गरेको छ। प्रधानन्यायाधीश वा अन्य न्यायाधीशहरूले सञ्चार संस्थाले आयोजना गरेका व्यावसायिक कार्यक्रममा सहभागिता जनाउने, प्रधानमन्त्रीको परिवारसँग जोडिएका व्यक्तिहरू संलग्न निजी वा अर्धनिजी कार्यक्रममा भाषण गर्ने, आफ्ना विषयमा अन्तरवार्ता दिने जस्ता घटनाहरूले के भयो ? भन्दा यसले कस्तो सन्देश दियो ? भन्ने प्रश्न अझ गम्भीर बनेको छ।

यो बहस शिष्टाचारको मात्रै नभएर संस्थागत मर्यादा र जनविश्वासको पनि हो। हुन त विगतमा न्यायाधीश नियुक्त भएपछि पार्टी कार्यालय पुगेर नेताहरूको आशीर्वाद लिएका घटना हामीले देखेकै हौं।त्यसको असर न्यायपालिका र न्यायसम्पादनमा पर्ने नै भयो।

नेपालका सन्दर्भमा यो विषय अझ संवेदनशील छ किनभने सिंहदरबारभित्रै कार्यपालिका, व्यवस्थापिका र न्यायालयको संरचना छन् । अधिकांश लोकतान्त्रिक देशहरूमा यी तीनै अंग भौतिक रूपमा भिन्नभिन्न स्थलमा रहन्छन् जसले शक्तिको पृथक्कीकरणलाई व्यावहारिक रूपमा बलियो बनाउँछ। नेपालमा यी सबै संरचना एकै छत्रछायामा रहेकाले न्यायपालिकालाई कार्यपालिकासँगको निकटताको जोखिममा राखिदिएको छ। सर्वोच्च अदालतका न्यायाधीश र मन्त्रीहरूबीच पुल्चोक क्वार्टरमा साझा आवासको व्यवस्था गर्दा उत्पन्न नैतिक द्वन्द्व, राजनीतिक हस्तक्षेपसम्बन्धी प्रतिवेदन र न्यायाधीशहरूको कार्यक्रममा सहभागिताले यही निकटतालाई झन् उजागर गर्दछ।

यस्ता घटनाले न्यायिक स्वतन्त्रताको छविमाथि प्रश्न उठाएका छन्। यही कारण कैयौं विषयमा न्यायाधीशहरूले आफूलाई समाजको अंग भनिरहँदा पनि समाजभित्र रहेको तर न्यायसम्पादन गर्ने व्यक्ति हुँ भनेर सोच्नुपर्ने देखिन्छ। सबै व्यक्ति यसमा इमानदार भएमा न्यायालयप्रतिको विश्वास बढ्छ । मुलुक झन् प्रगतिको मार्गमा अघि बढ्नेछ । अहिले सबैतिर विश्वास मरेको देखिन्छ । त्यसलाई जगाउने न्यायालयले हो तर न्यायालय भरपर्दो छैन ।

**सार्वजनिक उपस्थितिले दिने सन्देश**

न्यायाधीशहरू पनि यही समाजका अंग हुन्। उनीहरूले कानुनी शिक्षा, मानवअधिकार, न्यायिक सुधारजस्ता विषयमा कार्यक्रममा सहभागी हुनु स्वाभाविक मानिन्छ । समस्या तब सुरु हुन्छ जब उपस्थितिले 'निकटता' को सन्देश दिन्छ। पछिल्ला घटनामा प्रधानन्यायाधीश सञ्चार संस्थाको कार्यक्रममा सहभागी भएर भाषण गर्नु, विवादास्पद बिजनेस हाउसको प्रमुख कार्यकारी अधिकृत (सीईओ) सँगै रहेर ट्रफी प्रदान गर्नु वा प्रधानमन्त्रीको परिवारसँग सम्बन्धित व्यक्तिहरूको कार्यक्रममा उपस्थित हुनु जस्ता दृष्टान्तले अनेक प्रश्न उठाएका छन्।

यो उपस्थितिले भोलिका मुद्दामा न्यायिक निष्पक्षतामाथि शंका उब्जाउन सक्छ। उदाहरणका लागि, कुनै न्यायाधीश कार्यपालिकासँग प्रत्यक्ष जोडिएका व्यक्तिहरूसँग एउटै मञ्च साझा गर्दछन् भने त्यसले 'देखिने निष्पक्षता' लाई प्रभावित गर्दछ । नेपालमा हालैका वर्षमा न्यायाधीशहरूले निजी वा अर्धनिजी कार्यक्रममा भाषण गर्दै अप्रत्यक्ष धारणा व्यक्त गरेका घटना बढेका छन्। यस्तो व्यवहारले जनमानसमा 'न्यायाधीश कार्यपालिकाको छायामा छन्' भन्ने सन्देश फैलाउन सक्छ। न्यायाधीशको उपस्थिति न्यायपालिकाको प्रतीकात्मक उपस्थिति हो।

**अन्तर्राष्ट्रिय अभ्यास : जान पाइन्छ, तर कसरी ?**

विश्वका स्थापित लोकतन्त्रहरूले न्यायाधीशको सार्वजनिक उपस्थितिलाई स्पष्ट सन्तुलनका साथ व्यवस्थापन गरेका हुन्छन् । राष्ट्रसंघको बंगलोर न्यायिक आचरण सिद्धान्तले न्यायाधीशलाई सामाजिक र शैक्षिक कार्यक्रममा सहभागी हुन छुट दिएको छ। त्यसमा एउटा कडा सर्त हुन्छ- उपस्थितिले कुनै पक्षपात, प्रभाव वा निकटताको आभास दिनु हुँदैन। त्यसमा व्यापारिक निकायबाट टाढै बस्ने स्पष्ट सन्देश दिएको छ।

अमेरिकामा न्यायाधीशहरू विश्वविद्यालय, कानुन व्यवसायी संघ वा सार्वजनिक बहसमा सक्रिय हुन्छन् तर राजनीतिक व्यक्तिहरू र निजी क्षेत्रका व्यावसायिक व्यक्तिसँग नजिक देखिने कार्यक्रमबाट पूर्ण रूपमा टाढा रहन्छन्।

चन्दा संकलन, निजी सञ्जाल निर्माण वा कार्यपालिकासँग प्रत्यक्ष जोडिएका कार्यक्रममा सहभागिता निषेधजस्तै मानिन्छ। भाषणमा पनि अत्यन्त सावधानी अपनाइन्छ- कुनै विवादास्पद विषयमा धारणा राखिँदैन। कार्यक्रममा कार्यपालिका प्रमुख वा तिनका निकट व्यक्ति संलग्न छन् भने न्यायाधीशले उपस्थिति टार्ने अभ्यास छ।

बेलायतमा न्यायिक संयमित दुरीको परम्परा अत्यन्त बलियो छ । न्यायाधीशहरू सार्वजनिक कार्यक्रममा जान्छन् तर निकै महत्त्वपूर्ण कार्यक्रममा त्यो पनि आफ्ना न्यायाधीश साथीहरूसँग छलफल गरेर मात्र । व्यवसाय बढाउने कार्यक्रममा त झन् जानै मिल्दैन । कार्यपालिकासँग नजिक देखिने सामाजिक कार्यक्रमबाट पूर्ण दुरी कायम गरिन्छ। भाषण कानुनी वा शैक्षिक विषयमा सीमित रहन्छ।

मूल सन्देश स्पष्ट छ- न्यायाधीश स्वतन्त्र र निष्पक्ष देखिनुपर्छ, शक्ति संरचनाको हिस्सा होइन । भारतमा पनि यस्तै द्वन्द्व देखिएको थियो । केही न्यायाधीशहरूको राजनीतिक नेतृत्व वा तिनका परिवारसँग जोडिएका कार्यक्रममा सहभागिताले बहस निम्त्याएको थियो । अहिले केही हदसम्म समाधान भएको छ । भारतका कानुनविद्हरूले औपचारिक संस्थागत कार्यक्रम ठिक तर व्यक्तिगत, पारिवारिक वा राजनीतिक छाया पर्ने कार्यक्रमबाट दुरी आवश्यक रहेकोमा जोड दिएका छन्।

यी अभ्यासहरूले एउटा कुरा स्पष्ट पार्छन्- न्यायाधीशको उपस्थिति 'मिल्छ कि मिल्दैन' भन्ने होइन, 'कसरी' भन्ने हो । नेपालजस्तो मुलुकमा प्रधानन्यायाधीश वा न्यायाधीशहरू कूटनीतिक नियोगका कुन प्रकारको कार्यक्रममा जाने, कसलाई भेट्ने कसलाई नभेट्ने ? सहायतामा कस्ता परियोजना लिने जस्ता विषयमा पनि स्पष्ट हुनुपर्छ।

**नेपालका सन्दर्भमा किन गम्भीर छ ?**

नेपालमा न्यायपालिका अझै जनविश्वास सुदृढ गर्ने चरणमा छ। यस्तो अवस्थामा सिंहदरबारको एकीकृत संरचनाले कार्यपालिका, व्यवस्थापिका र न्यायालयबीचको भौतिक निकटतालाई अझ घनिष्ठ बनाएको छ। पछिल्ला घटनाले यो जोखिम उजागर गरेका छन् । उदाहरणका लागि, सरकारले पुल्चोकमा मन्त्रीहरूलाई अस्थायी आवास उपलब्ध गराउँदा सर्वोच्च अदालतका न्यायाधीशहरूले नैतिक संकट अनुभव गरेको समाचार आएको थियो। त्यस्तै पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदनले न्यायपालिकामा राजनीतिक हस्तक्षेप र नियुक्तिमा पार्टी कोटा प्रणालीको आलोचना गरेको छ।

यी घटनाहरूसँगै प्रधानन्यायाधीश वा न्यायाधीशहरूको सञ्चार संस्था वा कार्यपालिका निकट कार्यक्रममा सहभागिताले जनमानसमा 'न्यायपालिका शक्तिकेन्द्रहरूसँग नजिक हुँदै छ' भन्ने धारणा बलियो बनाएको छ । यसले तीनवटा प्रश्न उठाउँछ, के न्यायपालिका स्वतन्त्र देखिन्छ ? के निर्णय प्रक्रियामा प्रभाव पर्न सक्छ ? र के जनविश्वास कायम रहन्छ ? नेपालको संविधानले न्यायपालिकालाई स्वतन्त्र घोषित गरेको छ तर व्यवहारले त्यसलाई चुनौती दिइरहेको छ। यहाँ नेपालको न्यायिक आचारसंहिताको चर्चा आवश्यक छ।

नेपालमा न्यायाधीशहरूको आचारसंहिता सन् २००८ मा (२०६५ सालमा) पहिलोपटक जारी भएको थियो जसलाई पछि २०७४ मा न्याय परिषद्बाट अद्यावधिक गरी 'न्यायाधीशको आचारसंहिता, २०७४' जारी गरिएको छ । आचारसंहिता बंगलोर न्यायिक आचरण सिद्धान्तमा आधारित छ र यसको मुख्य उद्देश्य न्यायाधीशहरूको आचरणलाई उच्च नैतिक स्तरमा राख्नु, निष्पक्षता कायम गर्नु, प्रभावबाट बच्नु र जनविश्वास बढाउनु हो।

न्यायाधीशहरूले आफ्नो कर्तव्य निर्वाह गर्दा पूर्ण निष्पक्षता कायम राख्नुपर्ने, कुनै पनि प्रकारको पक्षपात, प्रभाव वा अनुचित दबाबबाट बच्नुपर्ने, सार्वजनिक आचरणमा उच्च नैतिकता देखाउनुपर्ने, भ्रष्टाचार वा अनैतिक कार्यबाट पूर्ण रूपमा टाढा रहनुपर्ने र सामाजिक अन्तरक्रियामा पनि सावधानी अपनाउनुपर्ने जस्ता मुख्य प्रावधान आचारसंहितामा छ।

आचरणले न्यायाधीशको व्यक्तिगत आचरण, निर्णय प्रक्रिया र सार्वजनिक छवि नियन्त्रण गर्न खोजेको छ । आचारसंहिताले न्यायाधीशलाई आफ्नो सामाजिक सम्बन्धमा पक्षपातपूर्ण व्यवहार नगर्न र कुनै पनि प्रभावबाट मुक्त रहन निर्देशित गरेको छ । आचारसंहितामा एउटा महत्त्वपूर्ण कमजोरी छ त्यो के हो भने सार्वजनिक कार्यक्रममा सहभागिता, राजनीतिक परिवारसँगको निकटता र 'देखिने निष्पक्षता' सम्बन्धी स्पष्ट दिशानिर्देश छैन।

यसले सामान्य नैतिक आचरणको कुरा गरेको छ तर पछिल्ला विवादास्पद उपस्थितिहरू जस्तै सञ्चार संस्थाको कार्यक्रम वा प्रधानमन्त्री परिवारसँग जोडिएका निजी कार्यक्रममा भाषण

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : शिक्षा तथा परीक्षामा अनुकूल परिणाम प्राप्त हुनेछ । आत्मविश्वास र उत्साह बढ्ने संकेत छन्।

**बृष** : बोलचालमा संयमता आवश्यक छ। व्यापार तथा शैक्षिक क्षेत्रमा सुधारको संभावना प्रबल छ।

**मिथुन** : वैदेशिक प्रयत्नमा सफलता मिल्नेछ । तथापि, नजिकका साथीहरूबाट धोका वा निराशा पर्न सक्ने देखिन्छ।

**कर्कट** : आर्थिक र धार्मिक गतिविधिमा उतारचढाव देखिन सक्छ। शिक्षा तथा राजनीतिमा विशेष ध्यान दिनु उपयुक्त हुन्छ।

**सिंह** : परिवारको सहयोग प्राप्त हुनेछ । व्यापारिक क्षेत्र लाभदायक रहनेछ।

**कन्या** : सम्पत्ति आर्जनको अवसर प्राप्त हुनेछ। राजनीतिक क्षेत्रमा तनाव सिर्जना हुन सक्छ।

**तुला** : आर्थिक कठिनाइको सामना गर्नुपरे पनि शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक** : विरोधीहरूको गतिविधि बढ्न सक्छन्, तर धैर्य अपनाउँदा स्थितिलाई नियन्त्रणमा ल्याउन सकिन्छ।

**धनु** : प्रशंसा र सम्मान बढ्नेछ। शैक्षिक अवसरहरू विस्तार हुनेछन्। धार्मिक विषयप्रति आकर्षण बढ्ने संकेत छन्।

**मकर** : ठूलो नाफाको सम्भावना कम भए पनि सामान्य कार्यहरू सहज रूपले अघि बढ्नेछन्।

**कुम्भ** : शिक्षा, स्वास्थ्य र श्रमसम्बन्धी क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुनेछ।

**मीन** : आफन्तको सहयोग प्राप्त हुनेछ। शिक्षा, स्वास्थ्य र राजनीतिक पक्ष स्थिर रहनेछन्।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# विश्वमै दुर्लभ पुरानो न्यारोगेज रेलको कोइला इन्जिनको अवमूल्यन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २१ गते**

भंगहा-जनकपुरधाम-जयनगर रेल्वे नियमित चलेको ४ वर्ष हुन लाग्यो । नेपाल-भारत सहयोगमा नेपाल सरकारले आफ्नै दुईवटा रेल किनेर जनकपुर-जयनगर रेलसेवालाई निरन्तरता दिइरहेको छ। जसले नेपालमा एकमात्र रेल्वे सेवा जनकपुर-जयनगर रेल भनेर देशको गौरव बढाएको छ । तर, नेपालमा सञ्चालनको पुरानो इतिहास बोकेको न्यारोगेज रेलका कोइला इन्जिनलाई वर्षौंदेखि अवमूल्यन गर्दा खिया लागेर कबाडीका रूपमा परिवर्तन हुँदैछ।

पछिल्लो समय नेपालको एक मात्र जनकपुरधाम-जयनगर ब्रोडगेज रेल्वे सेवा बन्द भएको ११ वर्षे अवधिमा पुरानो बहुमूल्य इन्जिन, बोगी र अन्य उपकरणको बेवास्ता गरिँदा जीर्ण हुँदै कबाडी बन्दैछ । विश्वमै दुर्लभ मानिएको न्यारोगेज रेलका इन्जिनहरू नेपालमा मात्र बाँकी रहे पनि यस्ता बहुमूल्य सामग्रीको अवमूल्य हुँदै कतिपय सामग्री चोरीसमेत भएका छन्।

जनकपुरधाम-जयनगर रेल्वे ट्रयाक खण्डको जनकनन्दिनी गाउँपालिका-४ स्थित खजुरी खुला स्टेसनमा थन्काइएको ब्रह्ममा, विष्णु, रामसीता, गोरखनाथ, पशुपतिनाथ, महावीर र सीता, चन्द्र, गृहेश्वरी नामक इन्जिन संरक्षण अभावमा कुहिरहेका छन्। नेपाल रेल्वेको स्टेसन कारखानामा थन्क्याइएका दुर्लभ न्यारोगेज इन्जिनहरूलाई सांस्कृति संग्राहलय बनाएर विश्वको ध्यान केन्द्रित गर्नुपर्नेमा बेवास्ता गरिएको जनकनन्दिनी गाउँपालिकाका पालिका अध्यक्ष विपिनदेव यादवको यादवको आरोप छ।

'म आउनुअघिको अध्यक्ष अब्दुल वारिस शेषको पालामा नै न्यारोगेज रेलको इन्जिन म्युजियम बनाउन चिठी लेखेरै संघीय सरकारसँग माग गऱ्यो तर अहिले ९ वर्ष बित्दासमेत चिठीको जवाफ आएन । संघीय सरकारको भौतिक पूर्वाधार संरचनामा हामीले स्वीकृतिबिना हस्तक्षेप पनि गर्न मिलेन, त्यसैले हाम्रो म्युजियम बनाउने र इन्जिन संरक्षणको काम हुन सकेन' उनले भने, 'सीमित स्रोतसाधन भएको हाम्रो पालिकामा संग्राहलय बनाउनका निम्ति संघीय र प्रदेश सरकारले समेत चासो दिएन । समन्वयसमेत गरेन । हामीसँग त्यत्रो बजेट छैन ।'



जनकपुर-जयनगर रेल सेवा बन्दपछि नेपाल रेल्वेको विघटन भएसँगै रेल सम्पत्तिको संरक्षण नुहँदा कतिपय पार्टपुर्जासमेत बिक्री भएको जनकनन्दिनी गाउँपालिकाका स्थानीय धनिकलाल दास बताउँछन्। संसारमै कतै नभएका इन्जिन नेपालसँग हुनु गौरवको विषय हो। 'हाम्रो जस्तो रेलमा पुरानो इतिहास बोकेको कुनै देश छैन तर हामीले यसको महत्त्व बुझ्न सकेको छैन, न्यारोगेज अरू देशमा छैन, त्यहाँ कति महत्व छ तर हाम्रो देशमा छ, यहाँ महत्त्व छैन। यसलाई अन्य ठाउँमा भए हीराझैं सजाएर राख्थे, हाम्रो देशमा न्यारोगेज रेल्वेको कोइला इन्जिन छोप्ने छत पनि छैन,' उनले भने।

नेपालमा रेल सेवाको इतिहास सन् १९२७ देखि सुरुवात भएको थियो । नेपाल सरकार रेलवे (एनजीआर) मातहतमा पहिलो रेल रेल ७६२ एमएम न्यारोगेज हो। तत्कालीन बेलायती सरकारले भारतको रक्सोल-अमलेखगन्ज ३९ किलोमिटर रेलमार्ग निर्माण गरेको थियो । र दोस्रो चरणमा अहिलेको जयनगर-जनकपुर रेल हो।

सन् १९३७ मा सञ्चालित भारतको जयनगरदेखि महोत्तरीको विजलपुरासम्म तत्कालीन बेलायत सरकारले नेपालबाट जडीबुटी, काठ तथा खनिज पदार्थ लैजानका लागि रेल सञ्चालन गरेको थियो। उक्त रेल पनि न्यारोगेजकै थियो। सोही कोइला रेलका इन्जिनहरूको हाल अवमूल्यन हुँदै कबाडीजस्तो फैलाएर राखिएको संस्कृतिविद् डा. राभरोष कापडी 'भ्रमर' को भनाइ छ। नेपाल सरकारले नयाँ रेल ल्याएको छ, यहाँको मानिसहरूका लागि गौरवको विषय हो । त्यसका लागि हामीले स्वागत पनि गऱ्यौं र बधाई पनि दियौं। तर, पुरानो बहुमूल्य वस्तुको अवमूल्यन संस्कृतिमाथिको प्रहार हो । कापडीले भने, 'विश्वको अनौठो कल्पनाका चिजहरू हेर्न हामी भौंतारिन्छौं । तर, हामीकहाँ भएको रेलका इन्जिनदेखि पार्टपुर्जा र कारखानाको सामग्रीलाई समेत संरक्षण गर्न सकिरहेका छैनौं, विश्वका पर्यटक भित्र्याउने ठूलो माध्यम हुने रेलको इन्जिनिनलाई अवमूल्यन गरेर सांस्कृतिक धरोहार मेटाउँदैछौं।'

जनकपुरधाम-विजलपुरा २२ किलोमिटरको रेल्वे ट्र्याक र दुई पुल बाढीले बगाएपछि सन् २००१ बाट रेल सञ्चालन ठप्प भएको थियो। यसको लम्बाइ र रेल लिंकको स्तरोन्नति गरेर ब्रोडगेजमा विस्तार गर्ने नीतिअनुसार रेलमार्गलाई जयनगर-जनकपुर-भंगहा विस्तार भइसकेको छ भने जयनगर-बर्दिबाससम्म ६९ किमिमा विस्तार भइरहेको छ।

जयनगर, जनकपुर-भंगहासम्म भने रेल सञ्चालन भइरहेको छ भने भारत सरकारको सहयोगमा निर्माण गरिरहेको ६९ किमि रेलमार्गमध्ये तीन किमि भारतीय भूमिमा पर्छ। यातायातका साधनमा सबैभन्दा सस्तो पानी जहाजलाई मानिन्छ भने पानीजहाजपछि रेल यायायात, त्यसपछि सडक यातायात तथा हवाई यातायात पर्छन्।

**९ दशक पुरानो छुकछुक ....रेल**

जनकपुरमा नौ दशकअघि छुकछुके रेल सेवा सञ्चालन भइसकेको थियो। तत्कालीन समयमा भारतमा सखुवा काठलगायत सामग्री ढुवानी गर्न सञ्चालन गरिएको रेलपछि यात्रु ओसार्न प्रयोग गरियो । कोइलाबाट चल्ने रेललाई समयानुकूल डिजेल इन्जिनमा रूपान्तरण गरियो तर न्यारोगेजमै । सो सेवा पनि करिब ११ वर्षअघि बन्द भयो। विगत चार वर्षयता भने जनकपुरमा ब्रोडगेजमा रेल सेवा सञ्चालन भइरहेको छ।

नेपालमा छुकछुके.... रेल इतिहासमा सीमित हुँदा भारतको दार्जिलिंगमा भने अहिले पनि सो रेल चलिरहेकै छ। त्यहाँ यात्रु ओसार्न वा मालवाहकका रूपमा प्रयोग नभए पनि पर्यटकलाई लोभ्याउने उद्देश्यले रेल सञ्चालनमा

बाँकी पृष्ठ ४ ▶▶

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- भिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# मिथिला हस्पिटालिटीले जनकपुरमा २ अर्ब लगानीमा ५ तारे होटल बनाउँदै

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २१ गते**

चितवनमा रोयल टुलिप रिसोर्ट सञ्चालनमा ल्याएर नेपालको हस्पिटालिटी क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाइसकेका गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वउपाध्यक्ष रामेश्वर शाहले मिथिला नगरी जनकपुरधाममा समेत आफ्नो लगानीको दायरा विस्तार गर्ने भएका छन्।

उनले आफ्नै नेतृत्वमा रहेको मिथिला हस्पिटालिटी अन्तर्गत जनकपुरमा पहिलो पाँच तारे होटल निर्माण गर्ने परियोजना अघि बढाएका हुन्।

यो घोषणाले मधेश प्रदेशको पर्यटन जगतमा नयाँ उत्साहको लहर ल्याएको छ। चितवनको रोयल टुलिप रिसोर्ट सञ्चालनमा आएको मात्र ८ महिनाको अवधिमै शाहले नयाँ र परियोजनाको घोषणा गरेका हुन्।

शाहको व्यावसायिक दूरदर्शिता र नेपालको पर्यटन क्षेत्रमा ठूलो लगानी गर्ने उनको दृढ संकल्पलाई स्पष्ट रूपमा झल्काउँछ । चितवनको सफलताबाट उत्साहित भएर उनले यसपटक जनकपुरलाई रोजेका छन्।

जनकपुर आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि एक आकर्षक गन्तव्यको रुपमा चिर परिचित नगरी हो। यहाँको कला संस्कृति एवं धार्मिक स्थलहरु को सांस्कृतिक महत्त्व अपार छ । देशको एक महत्वपूर्ण धार्मिक स्थल तथा पर्यटकीय नगरी जनकपुरमा होटल व्यवसायहरु फस्टाउँदो रुपमा रहेपनि अहिलेसम्म अन्तर्राष्ट्रिय स्तरको आवास सुविधाको भने अभाव रहँदै आएको छ।

यसैलाई लक्षित गर्दै अब सोही नगरी मा एक अत्याधुनिक सुविधासम्पन्न पाँच तारे होटेल सञ्चालनमा आउने भएको छ। जनकपुर घुम्न आउने अतिथिलाई पूर्ण सुविधासहित अन्तर्राष्ट्रिय स्तरको आतिथ्यता प्रदान गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याउन लागेको यस रिसोर्टको भूमिपूजा (शिलान्यास) सोमबार मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ।

सो कार्यक्रममा प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेल, प्रतिनिधि सभा सदस्य मनिष



झा, गैरआवासीय नेपाली संघ (एनआरएनए) का संथापक अध्यक्ष डा. उपेन्द्र महतो, जनकपुर उप-म.न.पा., प्रमुख मनोज शाह लगायत स्थानीय जनप्रतिनिधि, व्यवसायी, बुद्धिजीवी, पत्रकारहरुको उपस्थिति रहेको थियो।

यस परियोजनामा जम्मा २ अर्ब रुपैयाँ लगानी हुने छ र निर्माण कार्य ३ वर्षभित्र सम्पन्न गरी २०८६ सालको वैशाखमा होटललाई औपचारिक रूपमा सञ्चालनमा ल्याइने लक्ष्य राखिएको छ। करिब २ लाख वर्गफिट (साढे २ बिघा भन्दा बढी) जग्गामा निर्माण हुने यस होटलको कुल निर्मित क्षेत्रफल १ लाख २० हजार वर्गफिट रहनेछ। होटलमा ८ विलासी सुइटसहित जम्मा १२४ कोठा निर्माण हुनेछन् र ३७२ बेडको व्यवस्था गरिनेछ।

जनकपुरमा बन्न लागेको होटलमा शाहसहित पूर्व बैंकर ज्ञानेन्द्र प्रसाद ढुंगाना, व्यवसायी काजी लामा, सुदीप कुमार चौधरी, उदयकान्त झा समेतको लगानी रहनेछ । सुविधाको दृष्टिले यो होटल केवल एक आवासस्थलमा सीमित रहने छैन । यसलाई एक सम्पूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने योजना रहेको छ । होटलमा उच्चस्तरीय रेस्टुरेन्ट र लाइभ किचनदेखि क्याफे लाउन्ज, लाइभ म्युजिकसहितको सांगीतिक बार र रूफटप पूल बारसम्मका खाद्य तथा पेय सेवाहरू उपलब्ध हुनेछन्।

क्यासिनो समेत राख्ने योजना रहेको यस होटेलमा व्यावसायिक र सामाजिक कार्यक्रमका लागि सभा तथा बैंक्वेट हल र व्यापार केन्द्र राखिनेछ भने स्वास्थ्य र मनोरञ्जनका लागि बहुकार्यात्मक पौंडी पोखरी, सुविधासम्पन्न स्पा र हेल्थ क्लब तथा टेनिस कोर्टको व्यवस्था हुनेछ। यसका साथै एम्फीथिएटर र कार्यक्रम हल, ईभी चार्जिङ स्टेशन र बालबालिकाको खेल्ने छुट्टै स्थान जस्ता आधुनिक सुविधाहरूले यस होटललाई एक विशिष्ट पहिचान दिनेछ।

यस परियोजनाले आर्थिक दृष्टिले पनि उल्लेखनीय योगदान दिनेछ । होटल सञ्चालनमा आएपश्चात् प्रत्यक्ष रूपमा १ सय ५० जनाले रोजगारी पाउनेछन् र स्थानीय सेवा तथा व्यवसायमा अप्रत्यक्ष रोजगारी र आर्थिक गतिविधि पनि उल्लेखनीय रूपमा बढ्ने अनुमान गरिएको छ । होटलले मुख्यतः सामान्य आगन्तुक, जनकपुरको जानकी मन्दिर र रामायण सर्किटमा आउने धार्मिक पर्यटक, विवाह महोत्सव आयोजक तथा सहभागी र व्यापारिक सभासम्मेलनका प्रतिनिधिलाई लक्षित गरेको छ।

माता सीताको जन्मस्थलका रूपमा विश्वभर प्रसिद्ध जनकपुरमा वार्षिक लाखौं तीर्थयात्री र पर्यटक आउने गर्छन्। तर यति ठूलो धार्मिक र सांस्कृतिक महत्त्व बोकेको बिश्व सम्पदाको सुचिमा समेतमा सुचिकृत गर्ने प्रयास भईरहेको माता जानकी मन्दिर रहेको यस शहरमा अहिलेसम्म अन्तर्राष्ट्रिय मापदण्डको उच्चस्तरीय होटल नहुनु एउटा ठूलो कमी थियो। शाहको यो लगानीले जनकपुर र समग्र मधेश प्रदेशलाई नेपालको पर्यटन नक्सामा नयाँ उचाइमा स्थापित गर्ने अपेक्षा गरिएको छ।

यो होटल सञ्चालनमा आएपश्चात् जनकपुरले पाँच तारे सेवा प्रदान गर्ने मधेश प्रदेशको पहिलो शहरको ऐतिहासिक गौरव प्राप्त गर्नेछ।

## सार्वजनिक मञ्चमा न्यायाधीशः न्यायपालिका कति ............

गर्नेलगायतका विषयमा कुनै स्पष्ट वर्गीकरण वा निषेध गरेको छैन । परिणामस्वरूप न्यायाधीशहरूले कानुनी रूपमा गल्ती नगरी पनि प्रतीकात्मक रूपमा संस्थागत मर्यादामा आँच पुऱ्याउने अवस्था उत्पन्न भएको छ।

सिंहदरबारको एकीकृत संरचनासँगै आचारसंहिताको कमजोरीले न्यायपालिकाको स्वतन्त्र छविलाई थप चुनौती दिइरहेको छ।

**समाधानका लागि निम्न नीतिगत र व्यावहारिक कदम आवश्यक छन्–**

आचारसंहिता अद्यावधिकः हालको न्यायिक आचारसंहितालाई समयानुकूल परिमार्जन गर्दै कुन प्रकारका कार्यक्रममा जान मिल्ने वा नमिल्ने स्पष्ट गर्नुपर्नेछ।

'उच्च जोखिम' कार्यक्रमको वर्गीकरणः कार्यपालिका प्रमुख, राजनीतिक दलका नेता वा तिनका परिवारसँग प्रत्यक्ष सम्बन्धित कार्यक्रम समावेश गरिनुपर्छ। यस्ता कार्यक्रममा संस्थागत दुरी कायम गर्ने अभ्यास विकास गर्नुपर्छ।

न्यायाधीशले तटस्थ, कानुनी वा शैक्षिक विषयमा मात्रै बोल्नुपर्छ। पक्षपातको संकेत दिन सक्ने व्याख्या त्याग्नुपर्छ। कार्यक्रममा जानुअघि आन्तरिक मूल्यांकन र आवश्यक परे सार्वजनिक जानकारी दिने प्रणालीको विकास गर्नुपर्छ। व्यक्तिगत होइन, संस्थागत रूपमा मात्र सहभागिता जनाउनपर्छ।

सार्वजनिक कार्यक्रममा न्यायाधीशको उपस्थिति सहभागिता होइन, सन्देश पनि हो। प्रधानन्यायाधीश वा न्यायाधीश कुनै कार्यक्रममा जाँदा उनीहरू व्यक्तिका रूपमा होइन, न्यायपालिकाको प्रतीकका रूपमा देखिन्छन्। त्यसैले व्यावसायिक कार्यक्रममा जाँदा र व्यापारिक सीईओसँग सँगै उभिँदा त्यहाँ कुनै निकायले बिचौलिया भूमिका खेलिरहेको हुन सक्ने आकलन गर्न पनि सक्नुपर्छ न्यायालयले।

सिंहदरबारको विरलै संरचनालाई पनि सम्भव भएसम्म सरकारलाई यो निकायबाट पर अन्य प्रकारको भवन बनाउन लगाएर सिंहदरबारमा बनेको भवन सरकारलाई सुम्पनुपर्छ। न्यायपालिका कार्यपालिका रहने स्थानमा सँगै रहनु राम्रो सन्देश होइन।

साँच्चै भन्दा न्यायपालिकाको शक्ति कानुनी अधिकारभन्दा बढी जनविश्वास हो । त्यो विश्वास जोगाउन कहिलेकाहीँ उपस्थित नहुनु नै सबैभन्दा बलियो निर्णय हुनसक्छ । नेपालले अब 'देखिने निष्पक्षता' लाई प्राथमिकता दिँदै न्यायिक मर्यादा कायम गर्नुपर्छ- किनभने स्वतन्त्र न्यायपालिकाबिना लोकतन्त्र अधुरो रहन्छ। यो बहसले न्यायपालिकालाई अझ बलियो र विश्वसनीय बनाउने अवसर पनि हो। जनविश्वास जोगाउन कार्यव्यस्तता देखाएर उपस्थित नहुँदा राम्रो हुने देखिन्छ।

अमेरिका बेलायतमा मात्र होइन भारतमा पनि न्यायाधीहरू निजी, व्यावसायिक घराना, फन्डरेजिङ र नेटवर्किङ कार्यक्रममा सहभागी हुँदैनन्। साथी व्यवसायमा संलग्न व्यक्तिका छोराछोरीको विवाहमा समेत न्यायाधीशहरू जाँदैनन्। न्यायपालिकाको शक्ति कानुनीभन्दा बढी जनविश्वासमा आधारित हुने भएकाले त्यसमा ध्यान दिनु प्रधानन्यायाधीशको त जिम्मेवारी हो।

# राष्ट्रिय खेलाडी विवेक यादव मधेशबाट खेल्ने

अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

राष्ट्रिय खेलाडी विवेक यादव मधेश प्रदेश क्रिकेट टिमबाट खेल्ने भएका छन् । सोमबार (वैशाख २१) मधेश प्रदेश क्रिकेट संघले बैठक बसेर सो निर्णय सार्वजनिक गरेको हो ।

राष्ट्रिय खेलाडी यादव दुई वर्षअघि मधेश क्रिकेट संघमा यसै प्रदेशबाट खेल्न इच्छुक रहेको भन्दै आवेदन दिएका थिए । आवेदन दिएको दुई वर्ष पूरा भएको हुनाले यस प्रदेशबाट खेल्न अनुमति दिने संघले निर्णय गरेको हो । यादव अहिले नेपाल आर्मीको विभागीय



टिममा खेलिरहेका छन् ।

यस्तै, मधेश प्रदेश क्रिकेट टिम आगामी असारमा भारतको बैंग्लोरमा उत्कृष्ट टिमसँग खेल्न जाने भएको छ । संघको निर्णयअनुसार आगामी जुन १८, १९ र २० मा बैंग्लोरका उत्कृष्ट टिमसँग खेल्ने छन् । इलाइट कप पनि आगामी सिजनको सुरुआतमै गर्ने तयारी संघले गरिरहेका छन् ।

प्रदेशबाट खेल्ने 'ए' लेभलको खेलाडीको म्याच फि तीन हजार, 'बी' क्याटोगारीको १५ सय र 'सी' क्याटोगोरीको खेलाडीको एक हजार म्याच फि दिइने संघले निर्णय गरेका छन् । यस वर्ष संघले केन्द्रीय कन्ट्र्याक्टबाहेक ११ खेलाडीलाई प्रदेशको कन्ट्र्याक्टमा राख्ने र सो चयनको लागि कोषाध्यक्ष सुभाष जयसवालको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेका छन् ।

# हावाहुरीले छतको रेलिङ खसाल्दा महिलाको मृत्यु

अपन दैनिक संवाददाता
सिरहा, वैशाख २१ गते

सिरहामा सोमबार साँझ आएको ठूलो हावाहुरीका कारण घरको छतको रेलिङ भत्किएर खस्दा एक जना महिलाको ज्यान गएको छ ।

मिर्चैया नगरपालिका-११, सितापुर टोलकी करिब ७५ वर्षीया कारीदेवी महराको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हावाहुरीका कारण घरको छतमा लगाइएको इँटाको रेलिङ



भत्किएर खस्दा उनी गम्भीर घाइते भएकी थिइन् ।

घरको बरन्डामा बसिरहेको अवस्थामा अचानक रेलिङ भत्किएर उनको टाउकोमाथि खसेको थियो । घाइते अवस्थामा उनलाई उपचारका लागि मिर्चैयास्थित मंगलम अस्पताल लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यलय सिरहाका डीएसपी एवं प्रवक्ता रमेशबहादुर पालले जान्कारी दिए ।

डीएसपी पालका अनुसार उपचारका लागि उनलाई अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेको हो ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मधेशमा लागुऔषधको जालो .............

मधेश प्रदेशका महोत्तरी, धनुषा, सर्लाही, सिरहा, पर्सा लगायत सीमावर्ती जिल्लामा लागुऔषधको समस्या बढी देखिएको छ । यी क्षेत्रमा भारतसँगको खुला सीमाका कारण ओसारपसार सजिलै हुने गरेको प्रहरीको निष्कर्ष छ । साना नाकादेखि अनधिकृत बाटो प्रयोग गरी लागुऔषध भित्र्याउने गरेको पाइएको प्रहरीको भनाइ छ ।

महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार सीमाबाट भित्रिने लागुऔषध सिधै युवाहरूको हातमा पुग्ने गरेको छ । विद्यालय र कलेज पढ्ने उमेरका किशोरकिशोरीहरू नै यसको बढी सिकार बन्दै गएको उनले बताए ।

साथीभाइको दबाब, बेरोजगारी, पारिवारिक समस्या र जिज्ञासाले सुरु भएको सेवन बिस्तारै लतमा परिणत हुने गरेको उनको भनाइ छ ।

प्रहरी चौकी र सशस्त्र प्रहरीसँग समन्वय गरेर निगरानी कडा बनाइएको भट्टले बताए । उनले भने, 'मुख्य नाकाहरूमा ड्रग टेस्टिङ चेकपोइन्ट स्थापना गर्ने तयारी गरिएको छ, जहाँ ड्रग टेस्ट किट प्रयोग गरी शंकास्पद व्यक्तिहरूको परीक्षण गरिनेछ ।'

त्यसैगरी सीमाबाट बारम्बार आवतजावत गर्ने व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने काम पनि सुरु गरिएको छ । विशेषगरी युवायुवतीहरूको गतिविधि र आवतजावतलाई ध्यानमा राख्दै निगरानी प्रणालीलाई थप व्यवस्थित बनाइने उनले बताए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले सीमापारबाट हुने लागुऔषध तस्करी नियन्त्रण गर्न भारतीय सुरक्षा निकायसँग सूचना आदानप्रदान र संयुक्त निगरानी बढाइएको बताए । उनका अनुसार दुवै देशका सुरक्षा निकायबिच सहकार्य बलियो बनाएर मात्रै सीमाबाट हुने तस्करी रोक्न सकिन्छ ।

तर समस्या नियन्त्रणका लागि प्रहरीको प्रयासमात्र पर्याप्त नहुने स्थानीयहरू बताउँछन् । पिपरा गाउँपालिका-७ बनौलीका रुदल झाले भने, 'घरमा खानका लागि पैसा छैन, तर छोरा दुर्व्यसनमा फसेपछि सुधार केन्द्रमा लैजान पनि पैसा चाहिन्छ । सरकारले निःशुल्क उपचार र सुधारको व्यवस्था गर्नुपर्छ ।'

त्यस्तै धनुषाको मनरा नगरपालिका-४ की भुली देवीले पनि आफ्ना छोरा दुर्व्यसनमा फसेर परिवार नै सङ्कटमा परेको बताइन् । 'एउटा छोराको बिहे भइसकेको छ, चार जनाको परिवार छ, तर दुर्व्यसनले सबै बर्बाद बनायो,' उनले भनिन्, 'खुला सीमाका कारण सजिलै लागुऔषध पाइन्छ । त्यसैले रोकथामका लागि सरकारी प्रयास प्रभावकारी हुनुपर्छ ।'

स्थानीय तहहरूले पनि समस्या समाधानका लागि पहल थालेका छन् । मनरा नगरपालिकाका मेयर मोहन पाण्डेले विद्यालय स्तरबाटै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार विद्यालय, क्लब र संघसंस्थामार्फत युवाहरूलाई लागुऔषधको असरबारे जानकारी दिइँदैछ ।

युवा अभियानी सरोज कुमार मिश्रले लागुऔषध सेवनकर्ताको पहिचान गरेर सुधार केन्द्रसम्म पुऱ्याउने, परिवारसँग समन्वय गर्ने र समाजमा पुनःस्थापना गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनका अनुसार स्थानीय तहले यसमा थप जिम्मेवारी लिन आवश्यक छ ।

मनोविज्ञ डाक्टर रोबिन कुमार झाका अनुसार लागुऔषध समस्या समाधानका लागि बहुआयामिक प्रयास आवश्यक हुन्छ । केवल प्रहरी कारबाहीले मात्र दीर्घकालीन समाधान सम्भव नहुने उनले प्रस्ट पारे । मानसिक स्वास्थ्य सेवा, पुनर्स्थापना केन्द्र, परिवारको साथ र सामाजिक समर्थन पनि उत्तिकै आवश्यक रहने उनको भनाइ छ ।

उनले भने, 'प्रहरी, स्थानीय तह र समुदायबिच सहकार्य बलियो बनाउन सकेमात्र यो अभियान प्रभावकारी हुन्छ ।'

यता मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध दुर्व्यसन मधेस प्रदेशमा दिन प्रतिदिन गम्भीर समस्या बन्दै गएको बताए । उनले सीमावर्ती क्षेत्रमा कडाइ गर्ने र दुर्व्यसनमा फसेका युवाहरूलाई संरक्षण तथा सुधारको दायरामा ल्याउन प्रहरी प्रशासनलाई निर्देशन दिइसकेको बताए ।

उनले भने, 'खुला सीमाका कारण लागुऔषध भित्रिने समस्या चुनौतीपूर्ण बनेको छ । यसलाई रोक्न सीमामा कडाइ गरिनेछ ।' साथै दुर्व्यसनमा फसेका युवाहरूका लागि प्रदेश सरकारले नैतिक शिक्षा, सचेतनामूलक कार्यक्रम र सुधार केन्द्रको व्यवस्थापन गरेर समस्या न्यूनीकरणतर्फ काम गर्ने उनको भनाइ छ ।

## जनमत पार्टीद्वारा मधेश प्रदेश सरकारलाई दिएको .............

कृष्णप्रसाद यादवलाई गरेको समर्थन फिर्ता लिएको जानकारी दिए । उनले मधेश प्रदेशमा सहभागी जनमत पार्टीका अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाज कल्याणमन्त्री बसन्त कुशवाहालाई फिर्ता बोलाइएको बताए ।

'कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले बजेट खर्च पनि गर्न सकेन । संघीयतालाई मजबुत बनाउने काम पनि गरेन,' जनमतका प्रवक्ता सिंहले अपन दैनिकसँग भने, 'कृष्ण यादव नेतृत्वको सरकार मधेशलाई अनुभूति भएन । अब मधेश प्रदेशमा मधेशवादीसहितको मजबुत सरकार बनाइने छ ।' उनका अनुसार यादव नेतृत्वको सरकारले मधेश प्रदेशको चालु बजेट पनि खर्च गर्न नसकेको र अगामी आर्थिक वर्षको बजेट निर्माणमा पनि ध्यान नदिएकाले विकल्प खोज्न सरकारबाट समर्थन फिर्ता लिइएको हो ।'




कांग्रेस नेतृत्वको मधेश प्रदेशको सरकारबाट मधेशवादी दल जनमत, जसपा र लोसपा पछिल्लो समय बिच्किएको थियो । केही साताअघि बाराको परवानीपुरमा मधेश प्रदेशका एमाले संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी)ले कांग्रेससँग समर्थन फिर्ता लिए । मधेशवादी दलसित मिलेर मधेशवादीकै नेतृत्वमा सरकार गठन गर्न समर्थन गर्न तयार रहेको बताएपछि मधेशवादी दल मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा रहेको सरकार फेर्न कसरत थालेको हो ।

मुख्यमन्त्री यादवले सोमबार जनकपुरमा आयोजित एक कार्यक्रममा सत्ता गठबन्धन दल एक ढिक्का रहेकाले सरकार फेरिने हल्लामा सत्यता नरहेको बताएका थिए । उनले सरकार फेरिने हल्ला भनिरहेकै बेला सत्ता गठबन्धन दल जनमतले समर्थन मात्र होइन मन्त्रीलाई पनि फिर्ता बोलाएको हो ।

## अरू दल त्यागेको ९० दिन पुगेपछि मात्रै रास्वपाको ............

नयाँ सदस्यता लिने र अन्य दल परित्याग गरेर उम्मेदवार हुन चाहनेका लागि कुलिङ पिरियडको व्यवस्था गरिएपनि ल्याट्रल इन्ट्री हुनेको हकमा भने कुलिङ पिरियड राखिएको छैन । समाजका प्रतिष्ठित, विज्ञ, सार्वजनिक रूपमा स्वच्छ छवि भएका वा पार्टीलाई आवश्यक पर्ने विशेष क्षमता भएका व्यक्तिहरूलाई कुलिङ पिरियडको अवधि पूरा नभएपनि ल्याटरल इन्ट्री मार्फत क्यान्डिडेट क्लबमा आवेदन दिनसक्ने व्यवस्था गरिएको छ । विशेष व्यवस्था अनुसार उम्मेदवार क्लबमा दर्ता भएकाहरुले पनि कुलिङ पिरियड बाहेकका मापदण्ड पुरा गर्नुपर्नेछ । विशेष व्यवस्था अन्तर्गत आवेदन दिने जो-कोही व्यक्तिका लागि पनि पार्टीको लिडरसिप एकेडेमीको प्रशिक्षण तथा उम्मेदवार छनोट प्रक्रियामा सहभागिता अनिवार्य गरिएको छ ।

वडा अध्यक्ष र वडा सदस्य पदका लागि वडा क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित पालिका समिति र जिल्ला समितिको औपचारिक लिखित सहमति अनिवार्य गरिएको छ । गाउँ/नगरपालिकाको हकमा अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख/उपप्रमुखका उम्मेदवारका आकांक्षीले सम्बन्धित जिल्ला समिति र प्रदेश समितिको औपचारिक लिखित सहमति अनिवार्य गरिएको छ । उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख/उपप्रमुखले क्यान्डिडेट क्लबमा आवेदन दिन केन्द्रीय समितिको औपचारिक लिखित सहमति लिनुपर्नेछ ।

रास्वपाबाट स्थानीय तहको उम्मेदवार हुन तीन तहको प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । आकांक्षीहरुलाई योग्यता, क्षमता र पारदर्शी मूल्यांकनका लागि 'उम्मेदवार क्लब', लिडरसीप एकेडेमी प्रशिक्षण र छनोट रुपरेखामा आधारित परीक्षण प्रक्रिया बनाइएको छ । पालिकाभित्र 'पालिका क्यान्डिडेट क्लब र वडा क्यान्डिडेट क्ल गरी दुई प्रकारका उम्मेदवार क्लबको व्यवस्था गरिएको छ ।

उम्मेदवार छनोटका लागि चार प्रकारका मापदण्ड रास्वपाले तयार गरेको छ । उम्मेदवार छनोट गर्दा व्यक्तिको लिडरसीप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी, समावेशिता र प्रारम्भिक निर्वाचनबाट प्राप्त अंकको आधार चयन गरिने भएको छ । लिडरसीप एकडेमीका लागि २५ प्रतिशत भाराङ्क तय गरिएको छ । यो मापदण्डमा व्यक्तिको वैचारिक र व्यवहारिक क्षमताको मूल्यांकन गरिने भएको छ । राजनीतिक संस्कार, नीतिगत स्पष्टता, जनसेवा लगायत मूल्यांकन गरिने भएको छ ।

उम्मेदवारका आकांक्षी सबैले पार्टीले तय गरेको पाठ्यक्रम अनुसार प्रशिक्षण लिनुपर्नेछ । आधारभूत र विशिष्ट खण्ड गरी पाठ्यक्रम निर्धारण गरिएको रास्वपाले जानकारी गराएको छ ।

उम्मेदवार छनोट गर्दा व्यक्तिको विगतको पृष्ठभूमि, जनसम्बन्ध, चारित्रिक अवस्था, लोकप्रियता, पार्टीमा आवद्धता, संगठनमा क्रियाशिलता, अनुशासन लगायतका मापदण्ड बनाइएको छ । यी विषय हेरेर व्यक्तिको मूल्यांकन गर्ने आधारलाई 'पोलिटिकल प्रोक्सिमिटी' भनिएको छ । यस मापदण्डलाई २५ प्रतिशत भाराङ्क तय गरिएको छ ।

जातिय क्लष्टर अनुसार समावेशिताको मापदण्डका लागि १० प्रतिशत भाराङ्क राखिएको छ । जनसांख्यिक अनुपात, उमेर समूह, लैगिंक समानता, अपाङ्गता, भौगोलिक विकटता लगायबाट समावेशिता अनुसार उम्मेदवार चयन गर्दा त्यस्तो क्लष्टरको व्यक्ति आकांक्षी हुँदा १० प्रतिशत अंक स्वतः प्राप्त गर्ने विधि बनाइएको छ ।

प्रारम्भिक मतदानका लागि ४० प्रतिशत भाराङ्क किटान गरिएको छ । प्रारम्भिक निर्वाचनमा सम्बन्धित पालिकाका सदस्यहरुले आकांक्षी उम्मेदवारको टुंगो लगाउन मतदान गर्न पाउनेछन् । प्रारम्भिक मतदानमा सम्बन्धित पालिका पार्टी संरचनाका सदस्य, पार्टी संरचनाका सदस्य, सम्बन्धित पालिकाबाट केन्द्रीय समितिमा रहेका व्यक्तिहरुले मत दिन पाउने छन् ।

## विश्वमै दुर्लभ पुरानो न्यारोगेज रेलको .............

रहेको भन्ने गरिएको छ । धनुषाको खजुरीमा थन्क्याइएर राखिएको ९० वर्ष पुरानो रेललाई भने किन नचलाइएको होला भनी धेरैले प्रश्न गर्ने गर्छन् । कोइलाबाट सञ्चालन हुने त्यसबेलाको रेलका इन्जिन र बोगी थन्क्याएर खिया लागेको देख्दा त धेरैको मन खिन्न हुन्छ ।

नेपालको एकमात्र रेल सेवा दोस्रो चरणमा न्यारोगेजबाट ब्रोडगेजमा परिणत भई सुचारु भइरहेको छ । तर, तत्कालीन समयमा जयनगर-जनकपुरधाम-बिजलपुरा सम्म कोइलाबाट चल्ने निकै दुर्लभ मानिएको बहुमूल्य स्टिम इन्जिनहरू भने अलपत्र छन् । 'विश्वका अन्य देशमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न यस्ता ऐतिहासिक वस्तुलाई जोगाउन सरकार अग्रसर भइरहेका हुन्छन् । दार्जिलिंगको त्यो कोइला रेल पनि यसकै उदाहरण हो । त्यहाँ अहिले पनि कोइलाबाट चल्ने 'इन्जिन टोइट्रेन' नामक रेलसेवा सञ्चालन गरेर आन्तरिक तथा बाह्य पर्यटकबाट राम्रै आम्दानी गरिरहेको बुझ्न सकिन्छ', स्थानीय रामकिशोर महतोले भने, 'नेपालमा भने लामो इतिहास बोकेका कोइलाबाट चल्ने इन्जिन संरक्षणको अभावमा जीर्ण हुँदै गएको छ । इन्जिन बिग्रिने र बहुमूल्य पार्टपुर्जाहरू चोरी पनि भइरहेको छ । यसको संरक्षण र संवर्धन गर्न न स्थानीय तह न त प्रदेश र संघीय सरकारको चासो देखिन्छ । यो दुःखद हो ।' रेलको कारखाना क्षेत्रभरि घेराबेरा गर्न तत्कालीन रेल्वेका महाप्रबन्धक निरञ्जन झाले केही निर्माण कार्यको थालनी गरेपनि त्यो अधुरै छ ।

सरोकार भएकाहरूको बेवास्ताका कारण खजुरीमा रहेको रेलको मुख्य कारखाना खण्डहरमा र इन्जिन खिया लागेर माटोमा बिलिन भइरहेको बेला प्रतिनिधिसभा सदस्य रामविनोद यादवले रेल्वेको पुराना इन्जिन एउटा इतिहास भएकोले संरक्षण र संवर्धनमा संघीय सरकारको ध्यानाकर्षण गराउने बताए । उनले भने, 'रेलका पुराना इन्जिनलाई संग्रहालय बनाएर राखियो भने यो ठाउँ पर्यटकका लागि आकर्षणको केन्द्र बन्छ । साथै यी बहुमूल्य वस्तुको संरक्षण पनि हुने थियो ।' सिलिन्डरको कोइलाबाट चल्ने रेलका इन्जिन नेपालमा मात्र उपलब्ध रहेकाले पनि दुलर्भ चिजलाई संरक्षण गर्नुपर्ने मत छ । 'नेपालको छुकछुके रेलका इन्जिन नेपालका इतिहास हुन् । यसलाई जागाउनु मेरो पहलकदमी हुन्छ,' उनले भने । यसलाई संग्रहालय बनाएर राख्न र संरक्षण गर्न अब स्थानीय, प्रदेश र संघ सरकार गम्भीर बन्नुपर्छ ।

तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले खजुरीस्थित कारखानाको निरीक्षण गरी चालु आर्थिक वर्षमै संग्रहालय बनाउन पहल गर्ने घोषणा गरे पनि हालसम्म त्यससम्बन्धी कुनै काम अगाडि बढ्न नसकेको स्थानीय पत्रकार अवधेश कामतको भनाइ छ । जनकपुरधाम खजुरी पर्यटनको रेल्वे करिडोर बन्न सक्ने सम्भावना रहेको कामतले बताए ।

रेल्वे स्रोतले भन्यो, 'हामीले रेल सञ्चालनको काम मात्रै गर्छौं, निर्माण कार्य रेल विभागले हेर्ने हो । यद्यपि, हामीले खजुरीमा रेल संग्राहालय बनाउन प्रत्येक आर्थिक वर्षमा लिखित रूपमै आग्रह गरिरहेका छौं तर अर्थ मन्त्रालयबाट बजेट प्राप्त नभएपछि पुराना रेलका इन्जिनमा खिया लाग्दैछ ।' यहाँ रहेको रेल्वेको १० बिघाभन्दा बढी जग्गा सदुपयोग र रेल्वेको संरक्षण गरी पर्यटन प्रवर्धन पनि गर्न सकिने छ ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।